"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"
# महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति: २०७७/०५/३१

## प्रेस नोट

यस महालक्ष्मी नगरपालिकाका नगर प्रमुख श्री रामेश्वर श्रेष्ठज्यू कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित भएपछि हाल किस्ट अस्पताल, इमाडोलको आइसोलेसनमा उपचाररत हुनुहुन्छ । महामारीका बीचमा पनि जनताको सेवामा क्रियाशील भइरहँदा २०७७ साल भदौ २९ गते अचानक ज्वरो आएपछि उहाँलाई अस्पताल भर्ना गरिएको थियो । सम्भावित संक्रमण जोखिम हुन सक्ने भएकाले सोही दिन पीसीआर परीक्षण गर्दा नगर प्रमुखज्यू र उहाँकी धर्मपत्नीमा कोरोना संक्रमण पोजेटिभ नतिजा आएको थियो । हाल नगर प्रमुखज्यूको स्वास्थ्य सुधारोन्मुख रहेको छ ।

कोरोना पोजेटिभ भएको जानकारी भएपछि माननीय उप-प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, विभिन्न राजनितिक दलहरु, संघीय तथा प्रदेशसभाका माननीय सांसदज्यूहरु, जनप्रतिनिधिज्यूहरु, शिक्षासेवी, पत्रकार, कर्मचारीसहित समाजका विभिन्न तह तप्काबाट नगर प्रमुखज्यूलाई विभिन्न माध्यमबाट स्वास्थ्यलाभको कामना गर्नु भएकोमा नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । कोरोना भाइरसको संक्रमणबाट मुक्त भई स्वास्थ्यलाभ गर्नु भए सँगै नगर प्रमुखज्यू पुनः जनताको काममा क्रियाशील हुनुहुने जानकारी गराउँदछौं ।

धन्यवाद ।

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०१-५२०३५८२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np